निर्णय नं. १ मा छलफल गर्दा यस नगरपालिकाको आ. ब. २०७४_७५ को लागी कार्यपालिकाको वैठकले तयार पारेको विनियोजन ऐन मा व्यापक छलफल गरी सर्व सहमतिमा पास गरीयो

# खाँडाचक्र नगरपालिकाको विनियोजन ऐन २०७४

**खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७४/ ७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**

खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खाँडाचक्र नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम खाँडाचक्र नगरपालिकाको विनियोजन ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लखित चालु खर्च, पूँजिगत खर्च वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २७,६६,६६,३६९/-(अक्षरेपी सत्ताईस करोड, छैसठ्ठी लाख र छैसठ्ठी हजार तीन सय उनन्सत्तरी रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त खाँडाचक्र नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनीयोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस ऐन बमोजिम विनियोजन गरिएको रकममध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषिविकास, महिला तथा वालवालिका लगाएत क्षेत्रमा विनियोजीत रकमलाई विषयगत शाखा बाट विस्तृत कार्यक्रम तयार गरी खर्च गर्न सकिने छ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका तथा विषयगत शाखा | ३१००१९५२ | १७७३७७८६९ | ० | २०८३७९८२१ |
| २ | | वडा समिति | १३२८६५४८ | ५५000000 | | ६८२८६५४८ |
| | | जम्मा | ४४२८८५० | २३२३७७८६९ | | २७६६६६३६९ |